# पूर्वाञ्चल विश्वविद्यालय
# विराटनगर, नेपाल

# छात्रवृत्ति सम्बन्धी विनियम - २०७३

(व्यवस्थापन तथा कानुन संकाय)

# पूर्वाञ्चल विश्वविद्यालय
## व्यवस्थापन तथा कानून संकाय
## छात्रवृत्ति सम्बन्धी व्यवस्था - २०७३

पूर्वाञ्चल विश्वविद्यालयको आंगिक तथा सम्बन्धन प्राप्त कलेज/क्याम्पस/स्कूलबाट प्रदान गरिने छात्रवृत्तिलाई व्यवस्थित एवं सस्थागत गर्न आवश्यक भएकोले पूर्वाञ्चल विश्वविद्यालयको व्यवस्थापन तथा कानुन संकाय अन्तर्गत सञ्चालित आंगिक तथा सम्बन्धन प्राप्त कलेज/क्याम्पस/स्कूलहरुले क्याम्पस भर्ना भएको कुल विद्यार्थी संख्याको आधारमा तपसिलमा उल्लेख भए बमोजिम ५ प्रतिशतलाई जेहेन्दार छात्रवृत्ति र ५ प्रतिशतलाई आरक्षित छात्रवृत्ति गरि जम्मा १०% (दश) प्रतिशत छात्रवृत्ति उपलब्ध गराउने छन् ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस विनियमको नाम पूर्वाञ्चल विश्वविद्यालय व्यवस्थापन तथा कानून संकाय छात्रवृत्ति सम्बन्धी विनियम २०७३ रहने छ ।

(२) यो विनियम पूर्वाञ्चल विश्वविद्यालयको कार्यकारी परिषद्‌बाट पारित भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषाः**

छात्रवृत्ति भन्नाले अध्ययन गर्ने इच्छा भएका जेहेन्दार एवं विविध कारणबाट अध्ययनको अवसरबाट बन्चित विभिन्न वर्ग, क्षेत्र, र लिङ्गका विद्यार्थीहरुलाई छात्रवृत्तिमा तोके बमोजिमको छुट सुविधा दिई अध्ययनको अवसर उपलब्ध गराउने व्यवस्थालाई जनाउनेछ ।

**(२.१) विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियममा :**

(क) विश्वविद्यालय भन्नाले पूर्वाञ्चल विश्वविद्यालयलाई सम्झनुपर्दछ ।

(ख) समिति भन्नाले गठित छात्रवृत्ति छनौट समितिलाई सम्झनुपर्दछ ।

(ग) छात्रवृत्ति भन्नाले विद्यार्थीहरुलाई दिइने छात्रवृत्तिलाई सम्झनुपर्दछ ।

(घ) सार्वजनिक विद्यालय भन्नाले नेपाल सरकारको अनुदानमा वा समुदायको आर्थिक सहयोगमा सञ्चालन भएका विद्यालयलाई बुझ्नुपर्दछ । यसले समुदायलाई हस्तान्तरण गरेको सरकारी विद्यालयलाई समेत जनाउनेछ ।

(ङ) शैक्षिक संस्था भन्नले पूर्वाञ्चल विश्वविद्यालयका आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पस/कलेज/स्कुलहरुलाई सम्झनुपर्दछ ।

(च) कार्यक्रम भन्नाले पूर्वाञ्चल विश्वविद्यालयले आंगिक क्याम्पस मार्फत संचालित तथा सम्बन्धन दिई शैक्षिक उपाधि दिने प्रयोजनको लागि शैक्षिक संस्थाहरुले सञ्चालन गरेको सम्बन्धित विषयको कार्यक्रमलाई सम्झनुपर्दछ ।

(छ) जनआन्दोलनमा घाइते भन्नाले जनआन्दोलन २०४६, जनआन्दोलन २०६२/६३, मधेश आन्दोलन र जनयुद्ध एवम् द्वन्दमा घाइते भई स्थायीरुपमा अपाङ्ग भएकाहरु र तिनका आश्रितलाई सम्झनुपर्दछ ।

(ज) शिक्षक र कर्मचारी भन्नाले विश्वविद्यालयको आंगिक शैक्षिक संस्था र यसका विभिन्न निकायमा कार्यरत शिक्षक र कर्मचारीहरुलाई सम्झनुपर्दछ ।

**३. उद्देश्य :**

यो विनियमको उद्देश्य पूर्वाञ्चल विश्वविद्यालय व्यवस्थापन तथा कानून संकाय अन्तर्गतको आंगिक तथा सम्बन्धन प्राप्त गरेका शैक्षिक संद्वस्थाहरुबाट प्रदान गरिने छात्रवृत्तिलाई व्यवस्थित र संस्थागत गर्नु हुनेछ ।

**४. छात्रवृत्तिको प्रकार :**

(४.१) पूर्वाञ्चल विश्वविद्यालयले निम्न प्रकारका छात्रवृत्ति उपलब्ध गराउनेछ :

**(क) जेहेन्दार छात्रवृत्ति**

**(ख) आरक्षित छात्रवृत्ति**

**(४.२) जेहेन्दार छात्रवृत्ति :** प्रत्येक क्याम्पसले कुल भर्ना भएका विद्यार्थी संख्याको ५% प्रतिशत विद्यार्थीलाई जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउने छन् । यसरी उपलब्ध गराउने जेहेन्दार छात्रवृत्ति सम्वन्धित क्याम्पस/कलेजबाट संचालित प्रथम प्रवेश परीक्षामा उच्चतम अंक प्राप्त गर्ने विद्यार्थीलाई पहिलो सेमेष्टर/वर्षको छात्रवृत्ति उपलब्ध गराइनेछ । साथै अन्य सेमेष्टर/ वर्षको हकमा पूर्वाञ्चल विश्वविद्यालय परीक्षा व्यवस्थापन कार्यालयबाट लिईने सेमेष्टर/वार्षिक परीक्षामा उच्चतम् अंक प्राप्त गर्ने विद्यार्थीलाई उपलव्ध गराइनेछ ।

(४.३) जेहेन्दार छात्रवृत्ति पाउने व्याक्तिले सम्बन्धित कलेज ⁄ क्याम्पसमा भर्ना लिदा उक्त क्याम्पसले निर्धारण गरेको शिक्षण शुल्कको ८० % (अस्सी) प्रतिशत छात्रवृत्ति पाउने छन् ।

**(४.४) आरक्षित छात्रवृत्ति :** विभिन्न कारणले पछाडी परेको वर्ग, क्षेत्र, जात-जाति, लिङ्ग आदिलाई अवसर उपलब्ध गराउने उदे्श्यले प्रदान गरिने छात्रवृत्तिलाई मानिएकोछ ।

(४.५) आरक्षित छात्रवृत्तिमा आवेदन गर्नका लागि तपसिलका समुहले वा गरिविको रेखामुनी रहेका समुहले प्रतिस्पर्धा गर्नेछन् ।

(क) दलित, (ख) जनजाति, (ग) दुर्गम, (घ) अपाङ्ग, (ङ) महिला, (च) विपन्न वर्ग

(छ) वेपत्ता पारिएका तथा शहिदका परिवार, (ज) जनआन्दोलन तथा मधेश आन्दोलनका घाइते ।

(झ) मधेशी (ञ) मुसलमान (ट) द्वन्द पिडित तथा विस्थापित (ठ) पूर्व कमैया ⁄ हलिया

(४.६) आरक्षित छात्रवृत्ति पाउने व्यक्तिले सम्बन्धित कलेज ⁄ क्याम्पसमा भर्ना लिदा पूर्ण छात्रवृत्तिमा भर्ना पाउने छन् ।

(४.७) आरक्षित छात्रवृत्तिमा अध्ययन गर्न चाहने विद्यार्थीहरुले पूर्वाञ्चल विश्वविद्यालयबाट आरक्षित छात्रवृत्तिका लागि तयार पारेको निर्धारित फारम भर्नु पर्नेछ ।

**(४.७.१) व्यवस्थापन तथा कानून संकाय (स्नातक तहको प्रयोजनका लागि)**

आरक्षित छात्रवृत्तिको मूल्यांकन भार १०० हुनेछ र उक्त वर्गिकरण निम्न बमोजिम हुनेछ । तर पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गतका क्याम्पस/कलेजबाट लिइने प्रवेश परीक्षामा कम्तिमा ३३ % अंक हासिल गर्न नसकेका परीक्षार्थिको मूल्यांकन गरिनेछैन ।

| | |
|---|---|
| (क) प्रवेश परीक्षाको प्राप्ताङ्क प्रतिशतको - | १५ % |
| (ख) अन्तर्वार्ता - | १० % |
| (ग) SLC परीक्षाको प्राप्ताङ्क प्रतिशतको - | ५ % |
| (घ) प्रविणताप्रमाणपत्र तह वा +२ वा सो सरहका परीक्षाको प्राप्ताङ्क प्रतिशतको- | १० % |
| (ङ) साधारण ⁄ समुदायिक विद्यालयबाट SLC परीक्षा दिएको परीक्षार्थी - | ५ % |
| (च) साधारण ⁄ सरकारी कलेजबाट +२ वा सो सरहका परीक्षा दिएको परीक्षार्थी - | ५ % |
| (छ) महिला - | १० % |
| (ज) दलित ⁄ आदिवासी ⁄ जनजाती ⁄ मधेशी ⁄ मुसलवान - | १० % |
| (झ) पिछडीएको दुर्गम क्षेत्रका परीक्षार्थी - | १० % |
| (ञ) वेपत्ता पारिएका व्यक्ति तथा शहिद परिवार ⁄ अपाङ्ग ⁄ जनआन्दोलन एवम् मधेश जनआन्दोलनमा घाइते परिवार ⁄ द्वन्दपिडित ⁄ विस्थापित - | १० % |
| (ट) पूर्व कमैया ⁄ हलिया ⁄ विपन्न वर्ग - | १० % |

**(४.७.२) व्यवस्थापन तथा कानून संकाय (स्नातकोत्तर तहको प्रयोजनका लागि)**

आरक्षित छात्रवृत्तिको मूल्यांकन भार १०० हुनेछ र उक्त वर्गिकरण निम्न बमोजिम हुनेछ । तर पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गतका क्याम्पस/कलेजबाट लिइने प्रवेश परीक्षामा कम्तिमा ४० % अंक हासिल गर्न नसकेका परीक्षार्थिको मूल्यांकन गरिनेछैन ।

| | |
|---|---|
| (क) प्रवेश परीक्षाको प्राप्ताङ्क प्रतिशतको - | १० % |
| (ख) अन्तर्वार्ता - | १० % |
| (ग) SLC परीक्षाको प्राप्ताङ्क प्रतिशतको - | ५ % |
| (घ) प्रविणताप्रमाणपत्र वा +२ वा सो सरहका परीक्षाको प्राप्ताङ्क प्रतिशतको- | ५ % |
| (ङ) साधारण/समुदायिक विद्यालयबाट SLC परीक्षा दिएको परीक्षार्थी - | ५ % |
| (च) साधारण /सरकारी कलेजबाट +२ वा सो सरहका परीक्षा दिएको परीक्षार्थी - | ५ % |
| (छ)साधारण/समुदायिक विद्यालयबाट स्नातक तह वा सो सरहका परीक्षाको प्राप्ताङ. प्रतिशत | ५ % |
| (ज)साधारण/समुदायिक विद्यालयबाट स्नातक तह वा सो सरहका परीक्षा दिएको परीक्षार्थी - | ५ % |
| (झ) महिला - | १० % |
| (ञ) दलित/आदिवासी/जनजाती /मधेशी /मुसलवान - | १० % |
| (ट) पिछडीएको दुर्गम क्षेत्रका परीक्षार्थी - | १० % |
| (ठ) वेपत्ता पारिएका व्यक्ति तथा शहिद परिवार/अपाङ्ग /जनआन्दोलन एवम् मधेश जनआन्दोलनमा घाइते परिवार/द्वन्दपिडित/विस्थापित - | १० % |
| (ड) पूर्व कमैया/हलिया/विपन्न वर्ग - | १० % |

(४.८) प्रवेश परीक्षा सम्बन्धित कलेजले कुल १०० मुल्यांकन भारको हुने गरी वस्तुगत प्रश्नपत्रको आधारमा विश्वविद्यालयले तोकेको ढाँचामा गर्नुपर्नेछ । अर्न्तवार्ताको मूल्यांकन गर्दा ८० प्रतिशत भन्दा माथि र ४० प्रतिशत भन्दा तल अंक प्रदान गरिने छैन । सो भन्दा फरक अंक प्रदान गर्नुपरेमा उपयुक्त कारण खुलाउनुपर्नेछ ।

(४.९) पूर्वाञ्चल विश्वविद्यालयका शिक्षक/कर्मचारीहरु एवम् निजका सन्ततीहरुलाई उपलब्ध गराइने छात्रवृत्ति सम्बन्धी व्यवस्था विश्वविद्यालयको निर्णयानुसार नै हुनेछ ।

**५.** प्रत्येक कार्यक्रममा ५% जेहेन्दार र ५% आरक्षित समुह गरि दुई समुहमा छात्रवृत्ति विभाजन गरिएको छ । छात्रवृत्ति प्रदान गर्दा विजोर संख्या हुन आएमा आरक्षित समुहको संख्या बढि हुनेछ । तर एकजनाले मात्र पाउने भएमा स्वंत उक्त छात्रवृत्ति जेहेन्दार समुहका विद्यार्थीले प्राप्त गर्नेछ तर सिट संख्या तीन भएमा एक जना जेहेन्दार र दुईजना आरक्षित समुहको हुनेछ भने पाँच भएमा दुई जेहेन्दार समुह र ३ आरक्षित समुहका लागि प्रदान गरिनेछ । छात्रवृत्ति प्रदान गर्दा विद्यार्थी भर्ना संख्याको कोटा पछाडि '0' उल्लेख भएको अंकको आधारमा ताकिनेछ । जस्तै १० मा १ जना, २० मा २ जना, ३० मा ३ जना, ४० मा ४ जना, ५० मा ५ जना, ६० मा ६ जनालाई र एवम् प्रकारले छात्रवृत्ति प्रदान गरिनेछ ।
तर १० जना भन्दा कम संख्यामा विद्यार्थी भर्ना भएमा कुनै प्रकारको छात्रवृत्ति उपलव्ध गराईने छैन ।

(क) छात्रवृत्ति प्राप्त गर्न आवेदन गर्ने विद्यार्थीले दुई समुह मध्ये आफु कुन समुहबाट प्रतिस्पर्धा गर्ने हो आवेदन फारममा स्पस्टसंग उल्लेख गर्नुपर्दछ ।

(ख) आरक्षित छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले अनिवार्यरुपमा वार्षिक वा सेमेष्टरको अन्तिम परीक्षामा उत्तिर्ण गर्नुपर्ने छ । यदि वार्षिक वा सेमेष्टर परीक्षाको कुनै एक सेमेष्टर वा त्यो वर्षको परीक्षामा दुई पटक सम्म अनुत्तिर्ण भएमा सम्बन्धित विद्यार्थीलाई नसिहत दिइने छ । त्यस पश्चात पनि उत्तिर्ण नभएमा विश्वविद्यालय/कलेजबाट प्राप्त छात्रवृत्ति खारेज गर्न

सक्नेछ । तर जेहेन्दार छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले पाउने जेहेन्दार छात्रवृत्ति स्वत : खारेज हुनेछ । उक्त रिक्त भएका जेहेन्दार छात्रवृत्ति पूर्वाञ्चल विश्वविद्यालयले लिइने सेमेष्टर वा वार्षिक परीक्षामा उच्चतम अंक प्राप्त गर्न विद्यार्थीलाई प्रदान गरिने छ । यसरी सेमेष्टर वा वार्षिक परीक्षामा जेहेन्दार छात्रवृत्ति प्राप्त गर्न विद्यार्थीहरु परिवर्तन हुन सक्नेछ ।

(ग) आरक्षित छात्रवृत्तिमा आवेदन नपरेमा वा उत्तिर्ण अंक प्राप्त नभएर सिट खाली भएमा उक्त सिट जेहेन्दार छात्रवृत्तिमा परिणत हुनेछ ।

६. छात्रवृत्तिका लागि आवेदन फारम सम्बन्धित क्याम्पसबाटै भर्नुपर्नेछ । एक क्याम्पसमा छात्रवृत्ति पाउँ भनि निवेदन दिएको विद्यार्थीले अर्को क्याम्पसमा छात्रवृत्ति प्राप्त गर्न सक्नेछैन ।

**७. छात्रवृत्ति छनौट समिति**

(७.१) यस विनियम अनुसार छात्रवृत्तिको उम्मेदवार छनौट गर्ने कार्यको लागि देहाय बमोजिमको छात्रवृत्ति छनौट समिति रहनेछ छात्रवृत्ति छनौट समितिको अन्य सदस्यहरुको मनोनयन समितिका संयोजकले बढिमा २ (दुई) वर्षका लागि गर्नेछ ।

| | |
|---|---|
| **सम्बन्धित क्याम्पस/कलेजका क्याम्पस प्रमुख -** | संयोजक |
| **संयोजकले तोकेका सम्बन्धित क्याम्पस/कलेजका दुई जना प्राध्यापक -** | सदस्य |
| **सम्बन्धित क्याम्पस/कलेजका लेखा प्रमुख -** | सदस्य |
| **सम्बन्धित क्याम्पस/कलेज प्रशासनका अधिकृत स्तरको कर्मचारी मध्येबाट एक जना -** | सदस्य-सचिव |

७.२) संयोजकले आवश्यक देखेमा सम्बन्धित क्षेत्रको कुनै विशेषज्ञलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

७.३ छात्रवृत्ति छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सोही समितिले तोके बमोजिम ह'नेछ ।

**८. छात्रवृत्ति छनौट समितिको काम, कर्तव्य र अधिकार :**

(८.१) **छात्रवृत्ति छनौट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :**

(क) नियम ४ अनुसारको छात्रवृत्ति संख्या निर्धारण गर्ने ।

(ख) छात्रवृत्ति सम्बन्धी सूचना प्रकाशित गर्ने ।

(ग) छात्रवृत्तिको प्रवेश परीक्षा सम्बन्धी आचार संहिता बनाई लागु गर्ने ।

(घ) छात्रवृत्तिमा छनौट भएका उम्मेदवारहरुको योग्यताक्रमको विवरण तथा सोसंग सम्बन्धित कागजातहरुको प्रतिलिपी सम्बन्धित संकायमा पठाउने ।

(ड.)छात्रवृत्ति छनौट भएमा उम्मेदवारहरुको योग्यताक्रम प्रकाशित गर्ने ।

(च) आवश्यक परेमा विभिन्न उप-समिति गठन गरी आवश्यक कार्य छिटो तथा मर्यादित ढङ्गले सम्पन्न गर्ने र गराउने ।

(छ) छात्रवृत्ति सम्बन्धी काम सम्पन्न गर्नको लागि आवश्यक अन्य काम गर्ने /गराउने ।

(ज) छात्रवृत्ति सम्बन्धी तोकिएको काम गर्ने/ गराउने ।

**९. सार्वजनिकरुपमा सूचना गर्नुपर्ने :**

**(९.१) सार्वजनिक सूचना प्रकाशन गर्दा देहाय बमोजिमका कुराहरु खुलाउनु पर्नेछ :**

(क) छात्रवृत्तिमा उम्मेदवार हुनको लागि चाहिने न्यूनतम योगयता,

(ख) आरक्षित गरिएको छात्रवृत्तिको लागि दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक प्रमाणहरु,

(ग) दरखास्त दिने स्थान र ढाँचा,

(घ) परीक्षा दस्तुर,

(ङ) परीक्षा सम्बन्धी अन्य आवश्यक कुराहरु ।

**१०. छात्रवृत्ति उम्मेदवार हुनको लागि आवश्यक न्युनतम योग्यता :**

छात्रवृत्तिको दरखास्तको लागि देहाय बमोजिम येग्यता र सर्तहरु पूरा भएको हुनुपर्नेछ :

(क) उम्मेदवार नेपाली नागरिक हुनुपर्नेछ ।

(ख) आरक्षित छात्रवृत्तिका लागि दरखास्त दिने उम्मेदवारहरुले आफु कुन समुहबाट आवेदन गर्ने हो । सो को अधिकारीक प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

(ग) पूर्वाञ्चल विश्वविद्यालयले तोकेको न्युनतम शैक्षिक योग्यता पुगेको हुनुपर्नेछ ।

**११. उम्मेदवारले पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

**११.१ सवै प्रकारका छात्रवृत्तिका लागि दरखास्त दिंदा दरखास्तका साथ देहायका कागजातहरु पेश गर्नुपर्नेछ ।**

(क) नागरिकताको प्रतिलिपि,

(ख) एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्रहरु तथा विद्यालयले दिएको चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

(ग) प्रमाणपत्र तह वा +2 वा सो सरहको परीक्षामा प्राप्ताङ्क एकिकृत अभिलेख (Transcript) र सम्बन्धित शैक्षिक संस्थाले दिएको चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

(घ) स्नातक तह वा सो सरहको परीक्षामा प्राप्ताङ्क एकिकृत अभिलेख (Transcript) र सम्बन्धित शैक्षिक संस्थाले दिएको चारित्रिक प्रमाणपत्रको प्रतिलिपि ।

**(११.२) नियम (११.१) बमोजिमको कागजातका अतिरिक्त आरक्षित उम्मेदवारले देहाय बमोजिमको सिफारिश पेश गनुपर्नेछ** :

दलित/पूर्व कमैया/हलिया, जनजाति, पिछडिएको क्षेत्र, अपाङ्ग, वेपत्ता पारिएका व्यक्ति तथा शहिद परिवारका एकाघरका, महिला, जन अन्दोलन/मधेश आन्दोलनको घाइते/परिवार, मधेसी, विपन्नवर्ग, मुसलमानलाई छुटयाइएको मुल्यांकन भार प्राप्त गर्न चाहने व्यक्तिले देहाय बमोजिमका निकायबाट आफु दलित/पूर्व कमैया/हलिया,/जनजाति, पिछडिएको क्षेत्र, अपाङ्ग, वेपत्ता पारिएका व्यक्ति तथा शहिद परिवारका एकाघरका, महिला, जन आन्दोलन/मधेश आन्दोलनको घाइते /परिवार, मधेशी, विपन्न वर्ग, मुसलमान भएको प्रमाणित पत्र दरखास्त बुझउने समयमा नै अनिवार्य पेश गर्नु पर्नेछ । माथि उल्लेखित प्रमाणित पत्र र माग भएबमोजिमको शैक्षिक कागजातहरु शर्त राखि पछि कागजात पेश गर्न गरी पेश गरिएको दरखास्त अस्वीकृत हुनेछ ।

**<u>पुस्टिकरण :</u>**

- पिछडिएको क्षेत्र भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, बझाङ्ग, बाजुरा, मुगु, र हुम्ला जिल्लामा स्थायी बसोवास गरेका व्यक्तिलाई जनाउँदछ । पिछडिएको जिल्ला सुविधा प्राप्त गर्नका लागि यसै निर्देशिकामा उल्लेखित पिछडिएको क्षेत्रका जिल्लाबाटै एस.एल.सी.उत्तिर्ण गरेको हुनुपर्नेछ ।
- वेपत्ता पारिएका व्यक्ति तथा शहिद परिवार भन्नाले जनयुद्ध, सम्वत २०६२/०६३ को जनआन्दोलन, मधेश, आन्दोलन लगायत मुलुक भित्र भएका आन्दोलनको क्रममा वेपत्ता पारिएका वा सहिद भएका व्यक्ति वा निजको परिवारलाई जनाउँदछ ।
- सरकारी /सामुदायीक विद्यालयमा अध्ययन गरी एस.एल.सी उर्त्तिण गरेको प्रमाणपत्रका लागि सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट साधारण/समुदायिक विद्यालय खुलेको प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्नेछ ।

- सरकारी /सामुदायीक कलेजबाट + 2 / वा सो सरहको परीक्षा उर्त्तिण गरेको प्रमाणपत्रका लागि सम्बन्धित उच्च माध्यमिक शिक्षा परिषद/विश्वविद्यालयबाट सरकारी कलेज खुलेको प्रमाणपत्र अनिवार्य पेश गनुपर्नेछ।
- सरकारी /सामुदायीक कलेजबाट स्नातक तह वा सो सरहको परीक्षा उर्त्तिण गरेको प्रमाणपत्रका लागि सम्बन्धित विश्वविद्यालयबाट सरकारी कलेज खुलेको प्रमाणपत्र अनिवार्य पेश गनुपर्नेछ।
- अनुसूचि १ बमोजिमका दलित विद्यार्थीले राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट सिफारिश गरिएको दलित प्रमाणपत्र ।
- एकल महिलाको हकमा स्थानिय पञ्जिकाधिकारीको प्रमाणपत्र ।
- पूर्व कमैया /हलियाले सम्बन्धित जिल्ला भुमि सुधार कार्यालयबाट प्रदान गरिएको प्रमाणपत्र ।
- अनुसूचि १ मा उल्लेखित जनजातिले आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिएको सिफारिश पत्र ।
- अपाङ्गले राष्ट्रिय अपाङ्ग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिएको सिफारिश पत्र ।
- मधेसी, मुसलमानले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिएको सिफारिश पत्र ।
- विपन्नले सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सिफरिश पत्र । वेपत्ता पारिएका व्यक्ति तथा सहिद परिवारले जनयुद्ध, सम्बत २०६२/०६३ को जनआन्दोलन, मधेश आन्दोलन लगायत मुलुक भित्र भएका आन्दोलनको क्रममा वेपत्ता पारिएका वा सहिद भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिश पत्र ।

**१२. योग्यताक्रम प्रकाशित गर्ने :**

**(१२.१) सम्बन्धित क्याम्पस/कलेजहरुमा कार्यक्रमगत रुपमा छात्रवृत्तिका उम्मेदवारहरुको योग्यताक्रम सूची छुट्टाछुट्टै प्रकाशन गरिनेछ।**

**(१२.२) छात्रवृत्ति प्राप्त विद्याथीले कवुलियत गर्नुपर्ने :**

(क) छनौट भएको उम्मेदवारले अनुसूचि ५ बमोजिमको शर्तहरु पालना गर्ने गरी कवुलियत गर्नुपर्नेछ।

(ख) छात्रवृत्तिको लागि छनौट भई सकेपछि सम्बन्धित कार्यक्रम र शैक्षिक संस्था परिवर्तन नगरी तोकिएको शैक्षिक उपाधि हासिल गनुपर्नेछ।

(ग) विश्वविद्यालय वा सम्बन्धित शैक्षिक संस्थाको प्रतिष्ठामा आँच पुऱ्याउने किसिमको काम गरे गराएमा उपलब्ध गराइएको छात्रवृत्ति खारेज गरिनेछ।

(घ) सम्बन्धित शैक्षिक संस्थाले विश्वविद्यालयको सम्बन्धित संकायलाई हरेक सेमेष्टर/वर्षको अन्त्यमा छात्रवृत्ति अन्तरगतका विद्यार्थीहरुको प्रतिवेदन पठाउनु पर्नेछ।

**१३. विनियमको व्याख्या र बाधा फुकाउने अधिकार :** यो विनियमको व्याख्या र विनियम प्रयोग गर्दा परेका बाधा अड्काउ फुकाउने अधिकार कार्यकारी परिषद्लाई हुनेछ।

**१४. यो विनियममा उल्लेख भएको दण्ड, सजाय, स्पष्ट हुन बाँकी रहेका विषयहरु विश्वविद्यालयले तोके बमोजिम रहनेछ।**

**१५. दुर्गम पर्ने जिल्ला/गा.वि.स. तथा दलित, आदिवासी, जनजातीहरु अनुसूची १, २, ३ बमोजिम हुनेछन्।**

## अनुसूची १
## दुर्गम क्षेत्र

**१. देहायका जिल्लाहरुका सवै गाँउ विकास समितिहरु :**

१) सोलुखुम्बु २) मनाङ ३) मुस्ताङ ४) रुकुम
५) डोल्पा ६) मुगु ७) हुम्ला ८) जुम्ला
९) कालिकोट १०) जाजरकोट ११) बाजुरा १२) बझाङ
१३) दार्चुला

**२. देहायका जिल्लाहरुका देहायका गाँउ विकास समितिहरु :**

**१. ताप्लेजुङ**

१. ओखलढुङ्ग २. पापुङ ३. याम्फुदिन ४. लेलेप
५. इखावु ६. तापेथोक

**२. संखुवासभा**

१. पावाखोला २. हटिया ३. चेपुवा ४. किमाथान्का
५. सिसुवा ६. वाला ७. मकालु ८. वाङतेवा
९. याफु १०. ताम्कु ११. पाथिभारा १२. नुम
१३. दिदिङ

**३. दोलखा**

१. विगु २. आलम्पु ३. गौरीशंकर ४. लामावगर

**४. रसूवा**

१. थुमन २. टिमुरे ३. लामटाङ ४. चिलिमे
५. वृदिम ६. गतलाङ ७. हाकु ८. गोलजुङ

**५. गोरखा**

१. ल्हो २. सामागाउँ ३. प्रोक ४. विही
५. चुचेत ६. छेकम्पार ७. सिर्दिवास ८. उइया
९. केरौजा १०.काशी गाउँ ११. मन्वु १२. लाप्राक
१३. गुम्दा १४. लापु

**६. रोल्पा**

१. कुरेली २. थवाङ ३. मिरुल ४. राङकोट
५. पाछावाङ ६. राक ७. पाखापानी ८. ओत
९. तालावाङ १०. पाङ ११. घर्तिगाउँ १२. कोचावाङ
१३.राङसी १४. जिनावाङ १५. इरिवाङ १६. धवाङ

**७. अछाम**

१. कालेकाडा २. ताडिगरा ३. पुल्लैटोला ४. सुतार
५. सान्तडा ६. वावला ७. भाटाकाटिया ८. बाटुलासैन
९. बुडाकोट १०. दुनी ११. पातल १२.देवीस्थान
१३. सिधेश्वर १४. घुघुरकोट १५. ऋषिदह १६. कुस्कोट
१७. ठाट १८. विन्देवासिनी १९. वारला २०. षोड्सा
२१. मष्टमाण्डौ २२. नन्देगडा २३. नवठाना २४.हातिकोट

**८. सिन्धुपाल्चोक**

१. गुम्बा २. फुलपिङकटी ३. तातोपानी

**९. धादिङ**

१. लापा २. तिप्लिङ

## अनुसूची २

दलितजातिको हकमा उपेक्षित, उत्पीडित र दलितवर्ग उत्थान विकास समितिले दलितवर्गमा राखेका देहायका जातिहरुलाई मानिएको छ : -

| | | | | | |
|---|---|---|---|---|---|
| १. लोहार | २. सुनार३. कामी ४. दमाई | | ५. सार्की | | ६. बादी |
| ७. गाइने८. कसाई | ९. कुसुले | १०. कुचे | ११. च्यामे | | १२. पोड |
| १३. चमार | १४. धोवी | १५. दुसाध | १६. तत्मा | | १७. डुम |
| १८. बातर | १९. खत्वे | २०. मुसहर | २१. सन्थाल | | २२. सतार |
| २३. हलखोर (मेस्तर) | | | | | |

## अनुसूची ३

जनजातिको हकमा आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन् व२०५८ को अनुसूचीमा उल्लेखित तपसिल बमोजिमका जातिहरुलाई जनजातिको रुपमा लिइएको छ :

| | | | | | |
|---|---|---|---|---|---|
| १. किसान | २. कुमाल | ३. कुशवाडिया | ४. कुसुन्डा | ५. गनगाई | ६. गुरूङ्ग |
| ७. चेपाङ्ग | ८. छन्त्याल | ९. छैरोतन | १०. जिरेल | ११. झागड | १२. डोल्प |
| १३. तामाङ | १४. ताजपुरीया | १५. ताङव | १६. तीनगाऊलेथकाली | | १७. तोप्केगोला |
| १८. थकाली | १९. थामी | २०. थारु | २१. थुदाम | २२. दनुवार | २३. दराइ |
| २४. दुरा | २५. धानुक | २६. धिमाल | २७. नेवार | २८. पहारी | २९. फी |
| ३०. वनकरिया | ३१. बरामो | ३२. बाह्रगाउले | ३३. बोटे | ३४. भुजेल | ३५.भोटे |
| ३६. मगर | ३७. माझी | ३८. मार्फालीथकाली | ३९. मुगाली | ४०. मेचे | ४१.याक्खा |
| ४२. राई | ४३.राउटे | ४४.राजबंशी(कोच) | ४५. राझी | ४६. लार्के | ४७.लिम्बु |
| ४८. लेप्चा | ४९. ल्होपा | ५०. ल्होमीशिडंसावा | ५१. वालुक्त | ५२. व्यासी | ५३. शेर्पा |
| ५४. सतार (सन्थाल) | | ५५. सियार | ५६. सुनुवार | ५७. सुरेल | ५८. हायू |
| ५९. ह्रया | | | | | |

अनुसूची ४

कार्यालय प्रयोजनको लागि

दर्ता नं: ...

मिति :

रोल नम्बर :

**पूर्वाञ्चल विश्वविद्यालय**
**व्यवस्थापन तथा कानून संकाय**
**छात्रवृत्ति छनौट समिति**

दुवै कान देखिने हालै खिचेको पासपोर्ट साइजको फोटो टाँसी मुखाकृती नबिग्रिने गरी फोटो र फाराममा पर्ने गरी परीक्षाथीले दस्तखत गर्ने

**आरक्षित छात्रवृत्ति दरखास्त फाराम**

श्रीमान् क्याम्पस प्रमुखज्यू,
................................
.............................. ।

त्यस क्याम्पसको मिति ............................ मा प्रकाशित सूचना अनुसार निम्न बमोजिम विवरण खोली दरखास्त पेश गरेको छु ।

१) नाम, थर (नेपाली) : ....................................................
(अंग्रेजीमा ) :

नोट : नाम र थर बीचको एक कोठा खाली छोडनुहोस् (Block Letter मा लेख्नुहोला )

२. लिङ्ग : - स्त्री ☐ पुरूष ☐ ३. जाति : -

४. स्थायी ठेगानाः -जिल्ला : ....................... गा.वि.स. /न.पा................ वडा ........................
टोल/गाउँ ...................

५. अस्थायी ठेगाना : जिल्ला : ................ गा.वि.स. /न.पा................. वडा .....................

६. सम्पर्क फोन नं.................................. ७. मोवाईल नं. ...............................

८. बुबाको नाम : ................................................

९. आमाको नाम : ........................................

१०. बाजेको नाम : ...............................................

**११. आरक्षित समूहमा परेको प्रमाण पत्र राखी (✓ ) चिन्ह लगाउनुहोस् ।**

(क) दलित ☐ (ख) जनजाति ☐ (ग) दुर्गम ☐ (घ) अपाङ्ग ☐

(ङ) महिला ☐ (च) विपन्न वर्ग ☐ (छ) बेपत्ता पारिएका तथा शहिद परिवार ☐ (ज) जनआन्दोलन तथा मधेश आन्दोलनका घाईते ☐ (झ) मधेशी ☐ (ञ) मुसलमान ☐

(ट) द्वन्द पिडित तथा बिस्थापित ☐ (ठ) पूर्व कमैया/हलिया ☐ (ड) गरिवीको रेखामुनी रहेका ☐

**शैक्षिक योग्यता सम्बन्धी विवरण**

| क्र.स. | उत्तीर्ण गरेको परीक्षा | शिक्षण संस्था | शिक्षण संस्थाको ठेगाना | उत्तीर्ण साल | पूर्णाङ्क | प्राप्तङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | एस.एल.सी. वा सो सरह | | | | | | |
| २. | प्रमाणपत्र तह वा सो सरह | | | | | | |
| ३. | स्नातक तह वा सो सरह | | | | | | |

**संलग्न कागजपत्रहरु ( ✓ चिन्ह लगाउने )**

१) रकम बुझाएको रसिद

२) नागरिकता प्रमाणपत्रको प्रतिलिपि

३) एस.एल.सी.को लब्धाङ्क पत्र र प्रमाणपत्रको प्रतिलिपि

४) प्रमाणपत्र तह वा सो सरहको लब्धाङ्क पत्र र प्रमाणपत्रको प्रतिलिपि

५) नेपाल बाहिरका बोर्ड तथा विश्वविद्यालयबाट उत्तिर्ण गरेको भए समकक्ष निर्धारण भएको प्रतिलिपि

६) शिक्षण संस्थाबाट प्राप्त चारित्रिक प्रमाणपत्रको प्रतिलिपि

७) प्रमाणपत्र तहमा प्रतिशत नखुलेको भए खुलाएको प्रमाणित पत्र

८) आरक्षण समुहको प्रमाण पत्रको प्रतिलिपिहरु

९) स्नातक तहको लब्धाङ्क पत्र र प्रमाणपत्रको प्रतिलिपि

भरिएको विवरण र पेश गरिएका कागजातहरु सबै ठीक छन् झुट्टा ठहरिए प्रचलित कानून बमोजिम सजाय भोग्न तयार छु । साथै कुनै पनि सम्बन्धन प्राप्त कलेज/क्याम्पस/स्कुलको सम्बन्धित कार्यक्रममा भर्नाको लागि आवेदन गरेको वा भर्ना भएको पाइएमा र रीत नपुगेको निवेदन कुनै पनि समय रद्द गरिएमा कहि कतै उजुर बाजुर गर्नेछैन ।

**उम्मेदवारको ल्याप्चे सहिछाप :**

| दायाँ | बायाँ |
|---|---|
| | |

**उम्मेदवारको दस्तखत :** ..........................

**मिति :**..............................

## अनुसूची ५

### *कवुलियतनामा*

श्री ................................. को नाति/नातिनी श्री ........................ को छोरा/छोरी .................जिल्ला ................................ गा.वि.स./न.पा./उ.म.न.पा./म.न.पा. ....... वडा नं........ मिति .................... जन्म भै म ................................................ त्यस क्याम्पसबाट मिति ......................... मा .................. कार्यक्रम .................................. (शैक्षिक संस्था ) मा अध्ययन गर्नको लागि छात्रवृत्तिमा छनौट भएकोले अध्ययन अवधि र अध्ययन पुरा भएपछि पूर्वाञ्चल विश्वविद्यालय छात्रवृत्ति सम्बन्धी विनियम बमोजिमका सर्तहरु पालन गर्न मन्जुर छु भनि यो कवुलियतनामा गरी यस क्याम्पसमा बुझाए ।

**छात्रवृत्ति पाउनेको :**

सही : .....................................

नाम :  .................................

ठेगाना : .........................................

मिति : ..........................................

अनुसूची ६

# Entrance Test (Management)

## Objective Examination Criteria

### WRITTEN ENTRANCE TEST

| | | |
|---|---|---|
| **TIME** | **:** | **00:90 Minutes (Written Test)** |
| **MARKS** | **:** | **(Section I: 60; Section II: 40)** |

### SECTION: I

**TEST OF ENGLISH**

| | |
|---|---|
| **Part A: Structure** | **1 x 20 = 20** |
| **Part B: Written Expression** | **1 x 30 = 30** |
| **Part C: Reading Comprehension** | **1 x 10 = 10** |

### SECTION: II

**Quantitative Ability Test**

| | |
|---|---|
| **Mathematical Aptitude Test** | **2 x 20 = 40** |

अनुसूची ७

# Entrance Test (Law: BALLB and LLM)

## Examination Criteria

### WRITTEN ENTRANCE TEST

| | | |
|---|---|---|
| **TIME** | **:** | **00:90 Minutes (Written Test)** |
| **MARKS** | **:** | **100** |

**SECTION: I**

**TEST OF ENGLISH**

| | |
|---|---|
| **Part A: Structure** | **2 x 35 = 70** |
| **Part B: Subjective Questions** | **3 x 10 = 30** |